# तुलसीपुर उपमहानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## तुलसीपुर, दाङ

### प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तयार गर्न शिलबन्दी प्रस्ताव माग

**दोश्रो पटक प्रकाशित मितिः २०७७०९।१० गते**

तुलसीपुर उपमहानगरपालिका क्षेत्र भित्र आ. व. ०७७।०७८ का लागि ढुंगा र नदीजन्य पदार्थ संलकन तथा विकास निर्माण कार्य प्रयोजनार्थ तपसिल अनुसारका खोला/ नदी क्षेत्रमा परामर्श सेवा मार्फत प्रारम्भिक वातावरणीय परीक्षण (IEE) गर्नु पर्ने कार्यक्रम भएको हुँदा शिलबन्दी आशय पत्र (Epression of Interest) माग गरी परामर्शदाता छनौट गर्नु पर्ने भएकोले इच्छुक संस्था, फर्म वा कम्पनीबाट उक्त कार्यक्रमको लागि आफुले कबोल गरेको अंकको ५ प्रतिशतले हुन आउने रकम मेघा बैंक नेपाल तुलसीपुर शाखा स्थित रहेको यस कार्यालयको धरौटी खाता नं ०३८००१००७९१७८ मा जम्मा गरेको सक्कल भौचर संलग्न राखी रित पूर्वक प्रस्ताव पेश गर्न ७ (सात) दिने सूचना आव्हान गरिएको छ ।

| क्र.सं. | खोला/नदी | मिति २०७७४।३२ को कार्यपालिका बैठकबाट आइइका लागि स्वीकृत घाट/क्षेत्र |
|---|---|---|
| १ | ग्वारखोला | बालुवा घाट यरीया |
| २ | ग्वारखोला | जहदाघाट यरीया |
| ३ | पातुखोला | राईखलियानदेखी दक्षिण तर्फको यरीया |
| ४ | पातुखोला | राईखलियानदेखी उत्तर तर्फको यरीया |
| ५ | चिरेघाट खोला | चिरेघाट यरीया |
| ६ | संग्राम खोला | जमेरा, निमुवा, मंगरी क्षेत्र तर्फको यरीया |
| ७ | बबईनदी | पक्कि पुलको पूर्व शितलपुर क्षेत्र |
| ८ | बबईनदी | पक्कि पुलको पश्चिम शितलपुर क्षेत्र |
| ९ | बबईनदी | मोतिपुर घाट यरीया |
| १० | बबईनदी | सुकौरा मसान घाट यरीया |
| ११ | भमकेखोला | पक्कि पुलको दक्षिण वटोलपुर क्षेत्र |
| १२ | भमकेखोला | पक्कि पुलदेखी उत्तर अश्वारा खैरीपुर सडक सम्मको एरीया |

| क्र.सं. | खोला/नदी | मिति २०७७।४।३२ को कार्यपालिका बैठकबाट आइइका लागि स्वीकृत घाट/क्षेत्र |
|---|---|---|
| १३ | भमकेखोला | अश्वारा खैरीपुर सडक देखी भण्डारी टोल सडक एरीया |
| १४ | भमकेखोला | भण्डारी टोल सडक देखी कजवे यरीया |
| १५ | भमकेखोला | कजवेदेखी उत्तर ठाटीगाउं यरीया |
| १६ | पातुखोला | सुकौरा पक्कि पुलदेखी दक्षिण तर्फको यरीया |
| १७ | पातुखोला | सुकौरा घाट देखी उत्तर तर्फको यरीया (वनगाउं क्षेत्र) |
| १८ | पातुखोला | वटोलपुर यरीया |
| १९ | पातुखोला | भमकेखोला र पातुखोला दोभान उत्तर यरीया |
| २० | रानीघाट खोला | हात्तिथुम्का यरीया |
| २१ | संग्राम खोला | कोठरी पुल देखी दक्षिण क्षेत्र |

१. इच्छुक प्रस्तावदाताले आ. व. २०७७।०७८ को व्यवसाय नवीकरण प्रमाणपत्र, फर्म दर्ता प्रमाण पत्र, मूल्य अभिबृद्धी कर दर्ता प्रमाणपत्र र २०७५।०७६ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी प्रस्तावका साथ संलग्न राखी सूचना जारी भएको मितिले पन्ध्रौ दिनको कार्यालय समय भित्र रु १०००।- (फिर्ता नहुने गरी) राजस्व तिरी राजस्व प्रशासन शाखाबाट प्रस्ताव फारम खरिद गर्न सकिने छ ।

२. प्रस्तावदाताले प्रस्ताव आव्हान भएको मितिले ८ औं दिनको १२ बजे भित्र शिलबन्दी प्रस्ताव पेश गर्नु पर्नेछ । प्रस्ताव पेश गर्ने अन्तिम दिन बिदा पर्न गएमा भोलिपल्टको कार्यदिनको १२ बजे भित्र पेश गर्न सकिनेछ । समयसिमा भन्दा ढिलो गरी पेश हुन आएका प्रस्तावहरु ग्राहय मानिने छैनन् ।

३. शिलवन्दी प्रस्ताव पेश गर्ने अन्तिम दिनको अपरान्ह २:०० बजे प्रस्तावदाता वा निजको प्रतिनिधीको रोहवरमा प्राविधिक प्रस्ताव खोलिनेछ । निजको प्रतिनिधि सो समयमा उपस्थित नभए पनि कार्यालय प्रतिनिधिको रोहवरमा खोल्न सकिनेछ ।

४. नदी तथा खोलाको प्रारम्भिक वातावरणीय परीक्षणका लागि रु. १०,००,०००।- (दश लाख) बजेट स्वीकृत भएकोले यहि बजेटको सिमा भित्र रही प्राविधिक प्रस्तावको मुल्याङ्कनमा सफल हुने प्रस्तावदाताको मात्र आर्थिक प्रस्ताव खोलिनेछ ।

५. शिलबन्दी आशयपत्र पेश गर्दा प्राविधिक प्रस्ताव र आर्थिक प्रस्ताव अलग अलग राखी शिलबन्दी गरी प्रत्येक खामको बाहिर कुन प्रकारको प्रस्ताव हो स्पष्ट उल्लेख गरी पेश गर्नु पर्नेछ । प्रस्तावको वाहिरी भागमा फर्म, कार्यालयको नाम र प्रयोजन स्पष्ट रुपमा उल्लेख गरी पेश गर्नु पर्नेछ ।

६. खोलिएका प्रस्ताव मध्ये परामर्श सेवाका लागि आधारभूत मापदण्ड पुरा गर्ने गरी पेश भएका प्रस्ताव मध्ये गुणस्तर तथा लागत विधिको प्रयोग गरी परामर्शदाता छनौट गरिनेछ ।

७. स्वार्थ बाझिने भएमा प्रस्ताव उपर कारवाही नहुने र भ्रष्टाचार वा जालसाझि गरेमा कानुनमा व्यवस्था भए अनुसार कारवाही हुनेछ ।

८. यस उप महानगरपालिकाले प्रस्ताव सम्बन्धी कारवाही गर्दा गरेको निर्णय नै अन्तिम हुनेछ । प्राप्त प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस उप-महानगरपालिकामा सुरक्षित रहनेछ ।

९. प्रस्तावका साथ परामर्शदाताको अनुभव, मेथोडोलोजीको गुणस्तर, प्रस्तावित मुख्य जनशक्तिको योग्यता, ज्ञान र प्रविधि हस्तान्तरणको व्यवस्था र आर्थिक कारोबार सम्बन्धी विवरण पेश गर्नु पर्नेछ ।

१०. प्रस्तावको कबोल रकम अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

११. कार्यादेश लिएको मितिदेखि ३० दिन भित्र प्रतिवेदन यस उप महानगरपालिकामा पेश गर्नु पर्नेछ ।

१२. आइ. इ. इ. सम्बन्धी प्रतिवेदन तयार गर्दा वातावरण संरक्षण ऐन, २०७६, बन ऐन, २०७६, राष्ट्रपति चुरे गुरुयोजना २०७४, खानी तथा खनिज पदार्थ ऐन, २०४२, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र भु तथा जलाधार संरक्षण सम्बन्धी ऐन तथा नियमावलीका व्यवस्थाहरु पालना गरेको हुनु पर्नेछ ।

१३. अन्य विस्तृत जानकारीका लागि यस कार्यालयको राजश्व प्रशासन शाखामा सम्पर्क राख्न हुन समेत जानकारी गराईन्छ ।

१४. यो सूचनामा उल्लेख नभएका कुराहरुको हकमा प्रचलित कानून वमोजिम हुनेछ ।

**नि. प्रमुख प्रसासकीय अधिकृत**